# बैठक नं. ८३

आज मिति २०७७ कार्तिक २६ गते बुधबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यस नगरक्षेत्र भित्रका भवन/संरचना नियमित तथा अभिलेखिकरण गर्न मिति २०७४/१२/०१ मा सार्वजनिक सूचना जारी गरी सम्पूर्ण नगरवासी, संघ, संस्था एवं सरोकालवालालाई सुचित गरेकोमा , विविध कारणले सम्पूर्ण घरहरुको भवन नक्सा नियमित तथा अभिलेखिकरण हुन नसकेको र अझै पनि सरोकारवालाहरुको गुनासो व्यापक आइनै रहेकोले नक्सा नियमित तथा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिन उक्त सुचनाको म्याद २०७८ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं.२

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को, दफा-११, उप-दफा ५ को (क) भूमि व्यवस्थापन सम्बन्धि अधिकारको परिधिभित्र रही यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्र व्यवस्थित शहरी विकास गर्ने हेतुले यस नगरपालिका वडा नं. ३,४ र ९ का तपशीलको चारकिल्ला भित्रपर्ने करिव १६१.३९ हेक्टर क्षेत्रमध्ये करिब १०१.९१ हेक्टर क्षेत्रभित्रका अनुसूची-१ अनुसारका जग्गाहरुमा जग्गा एकिकरण आयोजना संचालन गर्न ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्ने निर्णय गरियो।

तपशीलः

१. पूर्वमा भत्केपाटी चोक- राराहिल स्कुल चोक – ढल्पा वडा नं.३ कार्यालय सम्म ।
२. पश्चिममा झुल पोखरीबाट – चन्द्रागिरी नगरपालिका हुँदै – बल्खु खोला सम्म ।
३. उत्तरमा ३ नं. वडा कार्यालय – समल, ससःरेष्टुरेन्ट – सल्यानस्थान गेट – हिकाष्ट कलेज हुँदै मुलखुसी सम्म ( बल्खु खोला)
४. दक्षिणमा भत्केपाटी बालकुमारी स्कुल हुँदै गाम्चा जाने बाटो

निर्णय नं.३

यस कीर्तिपुर नगरक्षेत्र विगत केही वर्ष अघि विश्व सम्पदा सूचीमा रहेको जानकारी प्राप्त भएकोमा हाल उक्त सूचीमा यस नगरक्षेत्रको नाम नरहेको जानकारी प्राप्त भएको हुदाँ पुन यस कीर्तिपुर नगरक्षेत्रलाई विश्वसम्पदा सूचीमा समावेश गर्नका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.४

कीर्तिपुर नगरपालिकाक्षेत्रमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनलाई प्रवर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदो कीर्तिपुर नगरपालिकाको " **अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,** २०७७" उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५

खेलकूद क्षेत्रको समग्र विकासको लागि चालू आ.व.२०७७/०७८ मा मेयर खेलकूद विकास कार्यक्रम अन्तर्गत नगर भरिका ईच्छुक फुटबल, भलिबल, बास्केटबल, ब्याडमिन्टन, टेबल टेनिस र बुद्धिचालका प्रशिक्षार्थीहरुलाई लक्षित गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।उल्लेखित खेल विधामा देहाय बमोजिम प्रशिक्षक तथा सहायक प्रशिक्षकहरु नगरपालिकाबाट निश्चित सुविधा तोकि नियुक्ति गर्ने तथा सम्पूर्ण खेल प्रशिक्षणको संयोजन लगायतको जिम्मेवारी सामाजिक शाखा प्रमुख, शा.अ. श्री अनुज प्रधानलाई प्रदान गर्ने निर्णय गरियो ।

| खेल विधा | प्रशिक्षक | सहायक प्रशिक्षक | कैफियत |
|---|---|---|---|
| फुटबल | ईची महर्जन | सजन महर्जन | |
| भलिबल | राजकुमार महर्जन | निरन्जन महर्जन | |
| बास्केटबल | बिकु महर्जन | राजकुमार महर्जन | |
| ब्याडमिन्टन | ओममुनी बज्राचार्य | दिप्रिस मुनी बज्रचार्य | |
| टेबल टेनिस | प्रशान्त महर्जन | जयराम महर्जन | |
| बुद्धिचाल | सुरबिर लामा | ज्ञानेन्द्र महर्जन | |

निर्णय नं.६

यस आ.व. २०७७/०७८ मा विभिन्न योजनाहरुको टेण्डर प्रकृयाबाट कार्य सम्पन्न गर्नका लागि टेण्डर गर्दा विनियोजित बजेटभन्दा कम बजेटमा योजना सम्झौता भएको हुदाँ त्यस्ता टेण्डर प्रकृया गरी बाँकी हुन आएका रकमहरुबाट विषयमा पुन योजनाको टेण्डर प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.७

कोभिड अस्थायी अस्पताल संचालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त भएको १० लाख बजेट तथा " स्थानीय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धि मार्गदर्शन, २०७७ " बमोजिम विष्णुदेवी अस्पतालमा सो आइसोलेसन् संचालनका लागि भौतिक पूर्वाधारको अभावले हालको लागि सम्भब नभएकोले यस नगरपालिकाद्वारा प्रवर्धित कीर्तिपुर अस्पतालमा रहेको १० शैयाको आइसोलेशनलाई नगरपालिकाको कोभिड १९ अस्थायी अस्पतालको रुपमा परिणत गर्ने तथा हाल करारमा जनशक्ति राख्न आवश्यक नभएको हुँदा सोही मार्गदर्शन बमोजिम सो शिर्षकको रकमबाट आवश्यक पर्ने औजार उपकरणहरु ( High Flow Oxygen Machine ) समेत खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.८

विश्व महामारीका रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाद्वारा संचालन गरिरहेको PCR ल्याब संचालनका लागि तपशील बमोजिमका औषधीजन्य सामाग्रीहरुको खरिदलाई समर्थन गर्ने निर्णय गरियो।

तपशील:

| क्र.सं | विवरण | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | Rectified spirit 5 litre jar | 10 jar | 1400\|- | 14000\|- | |
| २ | Disposable PPE set | 100 set | 2500\|- | 250000\|- | |
| ३ | Nitrile gloves | 20 box | 2000\|- | 40000\|- | |
| ४ | Ethanol 99.9% | 20 bottle | 640\|- | 12800\|- | |
| ५ | N95 mask (round thread ) (Bajia ) | 100 piece | 319\|- | 31900\|- | |
| ६ | Tissue pepar (Roll) | 100 roll | 60\|- | 6000\|- | |
| | Total | | | 354700\|- | |

निर्णय नं.९

यस कीर्तिपुर नगरपालिकामा हालको प्रविधिको उच्चतम प्रयोग गर्दै नगरकार्यपालिकाको कार्यालयमा विद्युतीय हस्ताक्षर लागु गर्नका लागि तपशीलका निर्णयहरु गरियो ।

१. विद्युतीय हस्ताक्षर खरिद भइसकेको सन्दर्भमा आवश्यकता अनुसार सबै शाखाहरुले यसको प्रयोग गर्दै जाने ।
२. नक्सा शाखामा नक्सा पास e-BPS बाट भईरहेकोले विद्युतीय हस्ताक्षेरको प्रयोग २०७७ मंसिर १५ गते देखि लागु गरिने र सोका लागि मंसिर १ गते देखि अभिमुखिकरण कार्यक्रम संचालन गरिने ।
३. २०७७ मंसिर १५ गतेसम्मका लागि नयाँ नक्सा दर्ता वन्द गरी सो अवधिमा Designer हरुलाई बिद्युतीय हस्ताक्षर लिन नेपाल प्रमाणिकरण कार्यालयसँगको समन्वयमा नगरपालिकाले सुचना निकालिने।
४. नेपाल भरीकै Nepal Engineering Council ले Certify गरेका Engineer/Architect हरुले विद्युतीय हस्ताक्षरको प्रयोग गरि नक्सा दर्ता गर्न तपसिलको दस्तुर बुझाउनु पर्नेछ।
    - e-BPS License लिनः रु. २००० ।-
    - हरेक नक्सा दर्ता गर्दाः रु.२००० ।- शुल्क नगरपालिकामा वुझाउनु पर्ने

निर्णय नं.१०

विगत लामो समय देखि यस कीर्तिपुर नगरक्षेत्रका विभिन्न वडाहरुमा रोपवेका पोलहरु अझ पनि रहिरेहेको अवस्थामा उक्त रोपवे वरपर घर निर्माणका लागि रोपवे वाट न्युनतम छाड्नु पर्ने दुरी ५ फिट कायम गरि भवन /घर निमार्ण इजाजत दिने निर्णय गरियो ।

निर्णय नं.११

कीर्तिपुर नगरपालिका वडा नं. १० निवासी श्री दिल बहादुर महर्जनको श्रीमती श्री रामकुमारी महर्जन, वर्ष ४४ को विगत केही समय देखि पेटको क्यान्सर भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजात र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको हुदाँ श्री दिल बहादुर महर्जनलाई निजको श्रीमती श्री रामकुमारी महर्जनको उपचार खर्च बापत रू. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२

कीर्तिपुर नगरपालिका वडा नं. ८ निवासी श्री अमिर महर्जनको बाबु श्री बुद्ध महर्जन, वर्ष ६९ को विगत केही समय देखि फोक्सोको क्यान्सर भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजात र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको हुदाँ श्री अमिर महर्जनलाई निजको बाबु श्री बुद्ध महर्जनको उपचार खर्च बापत रू. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१३

की.न.पा -९ स्थित नगाउँ स्पोर्ट्स क्लबको आयोजनामा मिति २०७७ कार्तिक २९ र ३० गते " कीर्तिपुर नगरपालिका वडा स्तरीय टेबल टेनिस प्रतियोगिता संचालनका लागि आर्थिक सहयोगका लागि मिति २०७७/०७/१६ गते को प.स.२२ को पत्र प्राप्त भएको हुदाँ सो कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रु. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) गपलब्ध गराउने निर्णय गरियो ।